# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः१ संख्याः९ मितिः २०७५/०३/२९

## भाग–२

### बनेपा नगरपालिकाको तेस्रो नगरसभावाट

### भएका निर्णयहरू

बनेपा नगरपालिका

**नि.नं.४.** विज्ञ सूर्यप्रसाद नेपालद्वारा तयार भई पेश भएको बनेपा नगरपालिकाको उद्यम विकास रणनीतिक योजना २०७४ सम्बन्धी प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**नि.नं.५.** सुशासन तथा विकास अनुशन्धान केन्द्र, काठमाण्डौले तयार गरी पेश गरेको बनेपा नगरपालिकाको राजस्व सुधार कार्ययोजना २०७५ अनुमोदन गर्ने निर्णय गरियो ।

**नि.नं.६.** बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका लागि नेपाल सरकारबाट स्वीकृत दरबन्दी ,संगठनस्वरुप र मौजुदा जनशक्ति व्यवस्थापन गरी कामकाज लगाउने व्यवस्था गर्ने निर्णय गरियो ।

**नि.नं.७.** यस नगरपालिकाका प्रमुख तथा उपप्रमुखको निजी सचिवालयमा देहाय बमोजिमका पदका कर्मचारीले पाउने सेवा सुविधा प्राप्त गर्ने गरी एक एक जना स्वकीय सचिव उपलब्ध गराउने ।

क. प्रमुखको निजी सचिवालयमा सहायक स्तर पाँचौ तह- एक
ख. उपप्रमुखको निजी सचिवालयमा सहायक स्तर चौथो- एक

**नि.नं.८.** यस नगरपालिकाका निर्वाचित जन प्रतिनिधिहरुलाई आ.व. २०७४।०७५ देखि नै देहाय बमोजिम दशैं खर्च उपलब्ध गराउने गरी निर्णय भै कार्यान्वयन भएको व्यहोरा पेश हुँदा पेश भए बमोजिमको दशै खर्च अनुमोदन गरी आगामी आ.व. बाट समेत सोही बमोजिम दशैं खर्च उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | पद | मासिक रकम | संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | प्रमुख | ३५,०००।- | १ | ३५,०००।- |
| २ | उपप्रमुख | ३०,०००।- | १ | ३०,०००।- |
| ३ | वडाध्यक्ष | २१,०००।- | १४ | २,९४,०००।- |
| ४ | नगर कार्यपालिका सदस्य | ७,०००।- | ८ | ५६,०००।- |
| ५ | नगरसभा सदस्य | ६,०००।- | ४८ | २,८८,०००।- |
| | | | जम्मा | ७,०३,०००।- |

**नि.नं.९.** यस नगरपालिकाको चालु आर्थिक वर्षमा संचालन भएका विकास आयोजनाहरुको समीक्षात्मक छलफल हुंदा आगामी आर्थिक वर्ष २०७५।०७६ मा कार्यान्वयन गरिने आयोजनाहरुको समयमै सम्पन्न गरी फरफारक गर्न २०७६ बैशाख मसान्त भित्रै आयोजना कार्यान्वयन सम्झौता गरि सक्ने गरी आवस्यक कार्य योजना सहित व्यवस्था मिलाउने निर्णय गरियो ।

**नि.नं.१०.** यस नगरपालिकाद्धारा संचालित आयोजनाहरुको जाँचपास फरफारक गर्न गठित जाँचपास समितिको चालु आ.व.मा पटक पटक बैठक बसी जाँचपास तथा फरफारक भएको व्यहोरा अनुमोदन गर्ने निर्णय गरियो ।

**नि.नं.११.** यस नगरपालिकाको चालु आर्थिक वर्षमा कार्यान्वयन भई अन्तिम किस्ता भुक्तानी बाँकी रहन जाने आयोजनाहरुको सम्बन्धमा यस आ.व.मा खर्च नभई मौज्दात रहने रकमवाट व्यहोरिने गरी भुक्तानीको व्यवस्था मिलाउन कार्यपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्न गर्ने निर्णय गरियो ।

**नि.नं.१२.** उपभोक्ता समितिद्धारा संचालन गरिने आयोजनाहरुमा उपभोक्तावाट व्यहोरिनु पर्ने सहभागिता अंशका सम्बन्धमा यस अगाडी कार्यपालिका वोर्डवाट स्वीकृत नीतिलाई समीक्षा गरी तोकिए बमोजिम आवस्यकता अनुसार कार्यपालिकावाट परिमार्जन गरी लागु गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**नि.नं.१३.** आय आर्जन हुने लगायत प्राथमिकतामा रहेका तर स्रोत अभावका कारण कार्यान्वयन हुन नसकेका उपयुक्त आयोजनाहरुको पहिचान एवं स्वीकृत गरी आवस्यक ऋण लिई आयोजना कार्यान्वयनको व्यवस्था मिलाउन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजना गर्ने निर्णय गरियो ।

**नि.नं.१४.** पूर्वाधार विकास अन्तर्गत सार्वजनिक, निजी, साझेदारी (पी३) अवधारणा अनुरुप संचालन हुन सकिने खालका आयोजनाहरुको अध्ययन गरी उपयुक्त भएमा कार्यान्वयनका लागि नगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**नि.नं.१५.** नगरपालिकाको आन्तरिक श्रोतको अवस्था वारे छलफल हँदा बसपार्क सहितको क्षेत्रलाई व्यवसायिक केन्द्रको रुपमा विकास गर्न सकिने अवस्था देखिएको छ । यस क्षेत्रलाई लिजमा दिई बलियो आन्तरिक स्रोत अभिबृद्धि गर्न सकिने प्रबल सम्भावना रहेकोले यस तर्फ आवस्यक अध्ययन गरी आवश्यक व्यवस्था मिलाउन कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**नि.नं.१६.** बनेपा नगर क्षेत्र भित्रका मेलमिलापकर्ताहरुको सूची तयार गर्न सूचना प्रकाशन गर्ने र सो बमोजिम प्राप्त सूची सबै वडामार्फत सिफारिस भै नगरपालिकामा आएपछि उक्त सूची नियमानुसार प्रकाशन गर्ने अधिकार कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**नि.नं.१७.** नगर क्षेत्र भित्र कार्यरत स्वास्थ्य स्वयमसेवीकाहरुको नियुक्ति, सेवाका शर्त र अवकाश सम्बन्धी आवश्यक नीति बनाई कार्यान्वयन गर्न कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**नि.नं.१८.** बनेपा नगरपालिकाको १,३,५,७,८,११ र १३ नं. वडाहरुमा नगर स्वास्थ्य केन्द्र थप गर्न नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**नि.नं.१९.** बनेपा नगरपालिकाको आर्थिक वर्ष २०७३।०७४ को अन्तिम लेखा परीक्षण प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेखित बेरुजु फर्स्यौटका लागि कार्यालय स्तरमा कार्यदल बनाई तिब्रता दिने निर्णय गरियो ।

**नि.नं.२०.** २०७२ सालको महाभुकम्प र सो पछिका पराकम्पनका कारण घर भवन क्षति भई पुननिर्माण गर्नुपर्ने बनेपा नगरबासीका हकमा नक्सापास दस्तुरमा छुट दिने सम्बन्धमा आर्थिक वर्ष २०७४।०७५ मा भएको छुट सम्बन्धी व्यवस्था अनुरुप नै आगामी आर्थिक वर्ष २०७५।०७६ मा पनि छुट दिने निर्णय गरियो ।

**नि.नं.२१.** आगामी आ.व. २०७५।०७६ मा प्रस्ताव भएको बजेट तथा कार्यक्रमको चालु खर्च शीर्षक अन्तरगतका देहायका शीर्षकबाट देहाय बमोजिम रकम व्यवस्था हुने गरी कार्यपालिकाका सदस्य र वडा सदस्यहरुलाई मासिक रु. २,०००। का दरले यातायात खर्च उपलब्ध गर्ने निर्णय गरियो ।

क.	मर्मत सम्भार कोषबाट रु. ६,००,०००।

ख.	विपद् व्यवस्थापन कोषबाट रु. ६,००,०००।

ग.	वातावरण व्यवस्थापन कोषबाट रु. १,३१,०००।

**नि.नं.**२२.	आगामी आ.व. २०७५।०७६ मा बनेपा नगरपालिकाका निर्वाचित प्रतिनिधिहरु सबैलाई वार्षिक रु. १०,०००। मा नबढ्ने गरी बिल बमोजिमको उपचार खर्च रकम उपलब्ध गराउने निर्णय गरियो ।

**नि.नं.**२३.	बनेपा नगरपालिकाको लेखा समिति गठन गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**नि.नं.**२४.	आर्थिक वर्ष २०७५।०७६ मा सञ्चालन हुने नगरस्तरीय योजनाहरु बनेपा नगरपालिकाका प्रमुख वा प्रमुखले तोकेका सदस्यको प्रत्यक्ष निगरानीमा सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

आज्ञाले,
भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका